# समाचार

## हिमालयमा सन्निकट सङ्कट

**रामबहादुर थापा**

गण्डकी, २३ भदौ/रासस । गत वैशाखयता मुस्ताङ, गोरखा र सोलुखुम्बुमा हिमपहिरोका घटना भएका छन् । मुस्ताङको थासाङ गाउँपालिका-२ स्थित धवलागिरि हिमालको फेदबाट यही भदौ ७ र ११ गते हिमपहिरो खस्यो । हिमपहिरोले घट्टेखोला थुनिएपछि स्थानीय त्रस्त बनेका थिए । दिउँसोपख हिमपहिरो गएकाले खोला छेउछाउका बासिन्दा सुरक्षित ठाउँमा सरेका थिए । हिउँ पग्लेर खोलाको बहाव पुरानै स्थितिमा फर्केपछि विपद्को ठूलो रुप भने लिन पाएन् । गाउँपालिकाका अध्यक्ष प्रदीप गौचनले दुवै पटक एकै ठाउँबाट हिमपहिरो खसेको बताउनुभयो । "यो हिमपहिरोलाई सामान्य ढङ्गले बुझ्नु हुँदैन, विश्वव्यापी जलवायु सङ्कटको प्रत्यक्ष सम्बन्ध यसमा जोडिएको छ", उहाँले भन्नुभयो, "हिउँको ठूलो ढिस्को खसेर घट्टे खोला थुनिएका थियो, यो घटनाले तल्लो तटीय क्षेत्रमा जोखिम बढाएको छ ।" उहाँका अनुसार विसं २०७८ कात्तिकमा मानापाथी हिमालबाट खासाङ-२ कोवाङमा पनि हिमपहिरो आएको थियो ।

उक्त घटनामा भागदौड हुँदा केही स्थानीय घाइते भएका थिए । थासाङ-२ का वडाध्यक्ष गौतम शेरचनले हिमपहिरो दुई सय मिटर तलसम्म आएको भए बस्ती, सडक, पुललगायत पूर्वाधारमा क्षति पुग्न सक्थ्यो । "कुनै अप्रिय घटना हुन पाएन तर हिमपहिरोको दृश्य हेर्दा भयानक थियो, हिउँको पहाड खसेजस्तो देखिन्थ्यो", उहाँले भन्नुभयो, "भदौ ७ गतेभन्दा ११ गते झन ठूलो हिमपहिरो खसेको थियो ।" धवलागिरि हिमालको फेदबाट छिप्लुङ लेक हुँदै हिमपहिरो झरेको उहाँले उल्लेख गर्नुभयो । गत साउन ३२ गते सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-५ थामेमा हिमपहिरो जाँदा दूधकोशी नदीले बाढीको रुप लिएको थियो । बाढीले थामेका कैयौं घर र भौतिक सम्पत्तिमा क्षति पुऱ्याएको थियो । जोखिममा परेका स्थानीयको तत्काल उद्धार गरिएकाले कुनै मानवीय क्षति भने हुन पाएन् । गत वैशाखमा गोरखाको मनास्लु हिमालको काखमा रहेको वीरेन्द्र हिमतालमा हिमपहिरो खस्यो ।

हिमपहिरोका कारण तालको सतह भरिएर पानी बाहिर बग्न थालेपछि बूढीगण्डकी नदीमा बाढी आउने भयले तटीय क्षेत्रका बासिन्दा त्रसित बनेका थिए । गृह मन्त्रालयदेखि वडा कार्यालयसम्मले सतर्कता अपनाउन सर्वसाधारणलाई सूचित गरेका थिए । सम्बन्धित क्षेत्रका विज्ञसहित सरोकार भएका पक्षको ध्यान वीरेन्द्र हिमतालतर्फ केन्द्रित भयो ।

मनाङको चुमनुव्री गाउँपालिकाका अध्यक्ष निमा लामाका अनुसार त्योबेला हिमताल फुटेको नभई हिमपहिरो खस्दा तालको पानी छचल्किएर बाहिर बगेको थियो । हिमताल फुटेको भए ठूलो विपद् निम्तनसक्ने खतरा रहेको उहाँले बताउनुभयो । वैशाखको सुक्खायाममा हिमपहिरो खस्नु सोचनीय विषय भएको अध्यक्ष लामाले बताउनुभयो । हिमतालले निम्त्याउने सम्भावित जोखिमबारे उक्त घटनाले झक्झकाएको उहाँको भनाइ छ ।

यी हालै भएका हिमपहिरोका प्रतिनिधि घटना हुन् । जलवायु विज्ञका अनुसार हिमालयमा स-साना हिमपहिरो थाहै नपाई खसिरहेका हुन्छन् ।

हिमनदी र हिमतालका कारण हिमाली भेगमा अप्रत्यासित घटना हुनसक्नेमा विज्ञहरुको चिन्ता छ । पर्यावरणीय अध्यता कुलचन्द्र अर्यालले जलवायु परिवर्तनको नकारात्मक असर पर्ने विश्वको सबैभन्दा बढी संवेदनशील क्षेत्रमा नेपालको हिमालय क्षेत्र रहेको बताउनुभयो । "विश्वको औसत तामपान वृद्धिको दरभन्दा हिमालय क्षेत्रको तापमान वृद्धि बढी रहेको छ", उहाँले भन्नुभयो, "विश्वको औसत तापमान एक दशमलव पाँच प्रतिशतले बढ्दा हिमालय क्षेत्रमा एक दशमलव आठदेखि दुई डिग्री सेल्सियससम्म बढ्ने गरेको अध्ययनले देखाएको छ ।"

सोही कारण हिमालय क्षेत्रमा बाढीपहिरोलगायत अप्रत्याशित प्राकृतिक विपद्का घटना निम्तिरहेको पर्यावरणीय अध्यता अर्यालले उल्लेख गर्नुभयो । विश्वव्यापी तापमान वृद्धिका कारण हिमालय क्षेत्रमा हिमगलन बढ्नुका साथै नयाँ हिमताल थपिने, विस्तार हुने र विष्फोटन हुन दर बढिरहेको उहाँले बताउनुभयो ।

"हिमताल विष्फोटनपछि हालै सोलुखुम्बुमा आएको बाढीले थामे गाउँमा जुन विध्वङ्स मच्चायो, यस्ता घटनाहरु आगामी दिनमा दोहोरिने र भयानक बन्ने कुराको आँकलन सहजै गर्न सकिन्छ", पर्यावरणीय अध्यता अर्यालले भन्नुभयो । कम वर्षा र हिमपात उच्च हुने हिमाली क्षेत्रमा पछिल्लो समय अनपेक्षित रुपमा उच्च वर्षा हुँदा बाढीपहिरोका घटना बढिरहेको उहाँले जानकारी दिनुभयो ।

गत वर्ष मुस्ताङको कागबेनीमा आएको बाढीको घटना त्यसको एक उदाहरण रहेको पर्यावरणीय अध्यता अर्यालले बताउनुभयो । उहाँका अनुसार कमजोर भू-बनोट, वनस्पतिविहीन नाङ्गो र भिरालो जमिन भएकाले हिमाली क्षेत्रले वर्षा थेग्न नसक्ने र त्यसले बाढीपहिरो तथा लेदो बग्ने समस्या निम्ताउने गरेको छ ।

जलवायु परिवर्तन र उष्णीकरणले नेपालको हिमालय क्षेत्रमा नकारात्मक असर पुऱ्याइरहेको पर्यावरणीय अध्यता अर्यालले बताउनुभयो । जलवायु परिवर्तको कारकका रुपमा रहेको हरितगृह ग्यास उत्सर्जनमा नगन्य भूमिका हुँदाहुँदै पनि त्यसको असर भोगिरहेको नेपालले जलवायुजन्य हानिनोक्सानीको पुर्नभरण अर्थात् क्षतिपूर्ति प्राप्तिका लागि विश्वमञ्चमा आफ्नो आवाज सशक्त बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।जलवायु परिवर्तन मामिलाका विज्ञ डा पपुलर जेन्टलले पर्याप्त सावधानी र जोखिम न्यूनीकरणमा ध्यान दिन नसकिए हिमालय क्षेत्रले अकल्पनीय प्राकृतिक विपद् झेल्नुपर्ने बताउनुभयो । उहाँले हिमनदी र हिमताल पृथ्वीमा पानीको स्रोत भएकाले तिनलाई जोगाउनुपर्नेमा जोड दिनुभयो ।

सन् २०१५ मा भएको 'पेरिस सम्झौता'मा संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धीका पक्षराष्ट्रहरुले विश्वव्यापी तापक्रम वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित पार्ने सहमति गरेपनि हिमालय क्षेत्रको तापक्रमले उक्त तह पार गरिसकेको जलवायु विज्ञ डा जेन्टलले जानकारी दिनुभयो ।

## कैलाश मानसरोवरको सहज यात्राका लागि महाकाली करिडोर

**महादेव अवस्थी**

दोधारा चाँदनी (कञ्चनपुर), २३ भदौ /रासस । सुदूरपश्चिम प्रदेशको समृद्धिको आधार मानिएको महाकाली करिडोर कञ्चनपुरको ब्रह्मदेवदेखि बैतडीको झुलाघाट हुँदै दार्चुलाको टिङ्करसम्म पुग्छ । कुल ४२५ किलोमिटर लम्बाइको यो सडकले कञ्चनपुर, डडेल्धुरा, बैतडी र दार्चुला जिल्ला जोड्छ ।

यो सडक निर्माणपछि उक्त क्षेत्रमा बसोबास गर्ने करिब आठ लाख जनता प्रत्यक्ष लाभान्वित हुनेछन् । करिडोर निर्माणपछि चीनमा रहेको कैलाश मानसरोवर यात्रा सहज हुने अपेक्षा गरिइएको छ । महकाली करिडोरको 'जिरो प्वाइन्ट' मानिएको कञ्चनपुरको ब्रह्मदेवस्थित सिद्धवैजनाथ हुँदै कैलाश मानसरोवरसम्म पुग्नका लागि यो सबैभन्दा छोटो बाटो हुनेछ ।

धार्मिक दृष्टिकोणले सुदूरपश्चिम देवभूमिका रुपमा परिचित छ । महाकाली करिडोरमा पर्ने कञ्चनपुरको सिद्धवैजनाथधाम, डडेल्धुराको परशुरामधाम, बैतडीको त्रिपुरासुन्दरी र दार्चुलाको मालिकार्जुनधाम हुँदै कैलाश मानसरोवर पुग्न सकिने भएकाले करिडार निर्माणपछि यहाँका धार्मिक पर्यटनको विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । चुरे महाभारत पर्वतअन्तर्गत डडेल्धुराको परशुराम नगरपालिकामा रहेको परशुरामधामसम्म भने ट्र्याक खुलिसकेको छ ।

विसं १४७५ मा भारतको झारखण्डबाट विहार, कुमाउ कतुरकोट गरुडगोवती हुँदै सिद्धवैजनाथ बाबा परशुरामधाम आएर बसेको इतिहास छ । परशुरामधाममा रहँदा सिद्धवैजनाथ बाबा र त्यहाँका तत्कालीन राजा नागी मल्लबीच खटपट भएपछि उहाँ सो ठाउँ छाडेर बुड्डीमलास पीपलकोट (हालको वेदकोट क्षेत्र)मा आई तपस्या गरेको विश्वास छ ।

करिडोर त्रिपुरासुन्दरीको मन्दिरको फेद हुँदै राष्ट्रको सातौँ धामका रुपमा परिचित मालिकार्जुन हुँदै टिङ्कर पुग्नेछ । महाकाली करिडोर सञ्चालनमा आए व्यापारिक गतिविधिसँगै धार्मिक पर्यटन बढ्ने विश्वास लिइएको नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य जङ्गबहादुर मल्लको भनाइ छ ।

"कञ्चनपुर भारतसँग र दार्चुला चीनसँग जोडिएपछि यहाँ धार्मिक पर्यटकको सङ्ख्या अपेक्षा गरिएको छ", मल्लले भन्नुभयो, "भारतको उत्तराखण्डसँग हाम्रो धार्मिक सम्बन्ध छ त्यसकारण त्यहाँको मानिस नेपाल आउन चाहन्छन् ।" उत्तराखण्डको हरिद्वार, ऋषिकेष र हिमाञ्चलमा आउने तेस्रो मुलुकका पर्यटकका लागि कैलाश मानसरोवरसम्म पुग्न यो सडक प्रयोग गर्न सक्नेछन् ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जदेखि दार्चुलाको अपिनाम्पासम्म पुग्न पनि करिडोर निर्माणपछि सहज हुनेछ । मल्लले भन्नुभयो, "करिडोर निर्माणले मात्रै सुदूरपश्चिम प्रदेशको विकास सम्भव छ यसले चीनसँगको व्यापारको ढोका खोल्नेछ ।" उहाँ सुदूरपश्चिम घुम्न आउने पर्यटक शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्र रहेको विशाल घाँसेमैदानमा दुर्लभ बाह्रसिङ्गाको झुण्ड अवलोकन गर्दै ब्रह्मदेव हुँदै दार्चुलाको अपिहिमालको फेदसम्म पुग्न सक्छन् । त्यसैगरी एशियाकै लामो दोधारा चाँदनी झोलुङ्गे पुल पर्यटकको अर्को आकर्षणको गन्तव्य हो ।


## बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको नवौं बार्षिक साधारण सभा सम्बन्धि सूचना

**राधाकृष्ण मार्ग, बबरमहल, काठमाण्डौ**

**पहिलो पटक सूचना प्रकाशन मिति २०८१/०५/२४**

यस कम्पनीको मिति २०८१/०५/२३ गते आइतबार दिनको ३:३० बजे बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको नवौं बार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा देहायका प्रस्ताव उपर छलफल गर्ने हुँदा सम्पूर्ण शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**साधारण सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०८१/०६/१८ गते शुक्रबार (तद्अनुसार ४ अक्टुबर २०२४)
समय : बिहान ८:०० बजे ।
स्थान:- गौरव इभेन्ट्स, गौतम प्लाजा, स्युचाटार-सालिक चोक, कलङ्की, काठ्माण्डौं नेपाल ।

**छलफलका बिषयहरु:-**

**(क) सामान्य प्रस्ताव :**

- नवौं बार्षिक साधारण सभाका लागि संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत् आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
- लेखापरिक्षकको प्रतिवेदन सहितको २०८१ असाढ मसान्त सम्मको वासलात र सोहि मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु छलफल गरि पारित गर्ने ।
- आ.व. २०८१/०८२ को लागि लेखापरीक्षकको नियूक्ति गर्ने र निजको पारिश्रमिक तय गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

- हकप्रद सम्बन्धमा र हकप्रद जारी गर्ने क्रममा आईपर्ने कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध :**

**वार्षिक साधारण सभा सम्बन्धी जानकारी :**

- आठौं बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०६/१० गते एक दिन यस कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहनेछ । मिति २०८०/०६/९ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई प्रचलित कानुन बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुले मात्र बार्षिक साधारण सभामा भाग लिन सक्ने छन् ।
- साधारण सभामा भाग लिन इच्छुक महानुभावहरुले सभा हुने दिन सक्कल शेयरधनी प्रमाणपत्र वा हितग्राही खाता (Demat Account) को विवरण सहित आफ्नो परिचय खुल्ने प्रमाणपत्र सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।
- शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका विहान ७:०० बजेदेखि खुल्ला रहनेछ ।
- बार्षिक साधारण सभामा सहभागी हुनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा शुरु हुनुभन्दा न्यूनतम ४८ घण्टा अगावै कार्यालय समय भित्र यस कम्पनीको केन्द्रिय कार्यालय राधाकृष्ण मार्ग, बबरमहल, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । शेयरधनी महानुभावहरुले एकभन्दा बढि व्यक्तिलाई आफ्नो शेयर विभाजन गरि वा अन्य कुनै किसिमबाट छुट्टयाई प्रोक्सी दिन पाउनु हुने छैन, दिएमा प्राक्सी बदर हुनेछ । इमेल, स्क्यान, फोटो वा अन्य विद्युतिय माध्यमबाट पठाएको प्रतिनिधिपत्र (प्रोक्सी) लाई पनि मान्यता दिइनेछ ।
- प्रोक्सी नियुक्त गरिसक्नु भएका शेयरधनी महानुभावहरुले आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा दिईसकेको प्रोक्सी स्वत: बदर हुनेछ ।
- नाबालक वा फरक किसिमले सक्षम शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नु हुनेछ ।
- एक भन्दा बढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन् ।
- छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कुनै प्रस्ताव भएमा, छलफल गर्न इच्छुक शेयरधनी महानुभवहरुले साधारण सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषयको जानकारी कम्पनी सचिव मार्फत् संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ ।
- साधारण सभा सम्बन्धि कुनै जानकारी आवश्यक भएमा यस कम्पनीको केन्द्रिय कार्यालय राधाकृष्ण मार्ग, बबरमहल, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन वा कम्पनीको वेभसाइट www.barhihydropower.com.np को PoPup Notices र E-Filling मा हेर्न सक्नु हुनेछ ।

**कम्पनी सचिव**